**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले नवीन विचारहरू, ऊर्जा र दृढ संकल्पहरूद्वारा युवा शक्तिले राष्ट्र निर्माणमा अग्रणी भूमिका खेलिरहेको बताउनु भएको छ।
- पश्चिम बंगालमा निपा भाइरसका दुई संदिग्ध केसहरू फेला परेपछि, केन्द्र सरकारले भाइरसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने राज्यको प्रयासमा सहयोग गर्न राष्ट्रिय संयुक्त प्रकोप प्रतिक्रिया टोली पठाएको छ।
- केन्द्रीय बजेट २०२६-२७ आगामी महिनाको पहिलो तारिख आइतबार लोकसभामा पेश हुनेछ। संसदको बजेट सत्र यसै महिनाको २८ तारिखदेखि सुरु भएर अप्रिल २ तारिखसम्म चल्नेछ।
- **फसलहरुको पर्व लोहडी आज मनाइँदैछ।**
- बंगलादेशका चर्चित गायक तथा अवामी लिगका नेता प्रोलय चाकीको हिरासतमै मृत्यु भएको छ। हिरासतमा रहँदा उनलाई स्वास्थ्य सेवा नदिइएको परिवारका सदस्यले आरोप लगाएका छन्।
- महिला प्रीमियर लीग क्रिकेटमा नवी मुंबईमा रोयल च्यालेन्जर्स बैंग्लोरले युपी वारियर्सलाई नौ विकेटले पराजित गरेको छ।

**74 संशो. प्रधानमंत्री - वीबीवाईएलडी 2026**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ कि नवीन विचारहरू, ऊर्जा र दृढ संकल्पहरूद्वारा युवा शक्तिले राष्ट्र निर्माणमा अग्रणी भूमिका खेलिरहेको छ। नयाँ दिल्लीमा विकसित भारत-युवा नेता संवाद २०२६ को समापन सत्रलाई सम्बोधन गर्दै उहाँले यो कुरा भन्नुभएको हो। श्री मोदीले भन्नुभयो, आजका युवाहरूको जीवनमा सबैभन्दा महत्त्वपूर्ण समय तब हुनेछ जब देशले २०४७ मा स्वतन्त्रताको १०० वर्ष पूरा गर्नेछ। यो सुनौलो अवसर हो। युवाहरूको क्षमता भारतको क्षमता बन्नेछ र उनीहरूको सफलताले भारतको सफलतालाई नयाँ उचाइमा पुरयाउनेछ।

**BYTE**

प्रधानमंत्रीले भन्नु भयो कि यंग लीडर्स डायलॉग एक ऐतिहासिक र अनौठो पहल हो जसले कम समयमा नै एउटा विशाल मंच बनाएको छ। उहाँले भन्नु भयो कि यसबाट देशको विकासमा युवाहरुको प्रत्यक्ष भागीदारी संभव भएको छ। श्री मोदीले भन्नुभयो कि यो संवाद आफैमा एक विचार-मंथन मंच बनेको छ , जसले भारतको युवा पुस्ता सिर्जनशीलताले भरिपूर्ण छ भन्ने देखाउँछ |

यस अवसरमा प्रधानमन्त्रीले प्रदर्शनीको भ्रमण गर्नुभयो र युवा नेताहरूसँग उनीहरूको आविष्कार र विचारहरूको बारेमा जान्न अन्तरक्रिया गर्नुभयो। ९ देखि १२ जनवरीसम्म आयोजित, विकसित भारत युवा नेता संवाद २०२६ मा देशभरका विभिन्न स्तरहरूमा ५० लाखभन्दा बढी युवाहरूको सहभागिता रहेको छ। यस राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिने युवा नेताहरू एक कठोर, योग्यता-आधारित तीन-चरणको छनौट प्रक्रियाको माध्यमबाट छनौट गरिएको छ। यसमा राष्ट्रव्यापी डिजिटल क्विजहरू, निबन्ध प्रतियोगिताहरू, र राज्य-स्तरीय दृष्टि प्रस्तुतीकरणहरू समावेश छन्।

**भारत-जर्मनी समझौता ज्ञापन**

भारत र जर्मनीले १९ वटा महत्त्वपूर्ण समझौता ज्ञापनहरुमा हस्ताक्षर गरेका छन् र ८ महत्त्वपूर्ण घोषणाहरू गरेका छन्। यसमा द्विपक्षीय रक्षा औद्योगिक सहयोगलाई सुदृढ पार्ने आशयको संयुक्त घोषणापत्र र व्यापार र लगानी प्रवर्द्धन गर्न सीईओ

फोरमको स्थापना समावेश छ।

विदेश सचिव विक्रम मिसरीले संवाददाता सम्मेलनलाई संबोधित गर्नुहुदै भन्नुभयो कि जर्मन चांसलरको भारत भ्रमणको अवधि दुई देशहरु बीच रक्षा, व्यापार, कौशल, हरित ऊर्जा र जन-संबंधहरु जस्ता क्षेत्रहरुमा सहयोग बढ़ाउन महत्वपूर्ण बातचीत भएको छ |

**निपा भाइरस**

पश्चिम बंगालमा निपा भाइरसका दुई संदिग्ध केसहरू फेला परेपछि, केन्द्र सरकारले भाइरसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने राज्यको प्रयासमा सहयोग गर्न राष्ट्रिय संयुक्त प्रकोप प्रतिक्रिया टोली पठाएको छ। यी संदिग्ध केसहरू आइतबार कल्याणीको अखिल भारतीय चिकित्सा विज्ञान संस्थान (एम्स) मा रहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्को भाइरस अनुसन्धान र निदान प्रयोगशालामा पत्ता लागेका थिए।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एउटा भिडियो जारी गरेको छ जसमा केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले केन्द्र सरकार राज्य सरकारको साथमा रहेको र रोगको प्रभावकारी व्यवस्थापन र रोकथामको लागि आवश्यक सबै सहयोग प्रदान गरिरहेको बताउनु भएको छ । वहाँले थप भन्नु भयो जानकारी प्राप्त भएपछि, स्वास्थ्य तथा परिवार कल्याण सचिवले तुरुन्तै पश्चिम बंगालका मुख्य सचिव र स्वास्थ्य, प्रमुख सचिवसँग अवस्थाको समीक्षा गर्न छलफल गर्नु भएको थियो।

**संसद बजट सत्र**

केन्द्रीय बजेट २०२६-२७ आगामी महिनाको पहिलो तारिख आइतबार लोकसभामा पेश हुनेछ। संसदको बजेट सत्र यसै महिनाको २८ तारिखदेखि सुरु भएर अप्रिल २ तारिखसम्म चल्नेछ। हिज नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनमा एक प्रश्नको जवाफमा लोकसभा अध्यक्ष ओम बिरलाले भन्नुभयो, सदनमा बजेट पेश गर्ने प्रक्रिया यसै महिनाको १ तारिखदेखि बिहान ११ बजे सुरु हुनेछ। संसदको बजट सत्रको शुरुआत 28 जनवरीमा राष्ट्रपति द्रौपदी मुर्मुको संसदको संयुक्त बैठकमा उहाँको अभिभाषणको हुनेछ। बजट सत्रको पहिलो चरण 28 जनवरी देखि 13 फरवरीसम्म र दोस्रो चरण 9 मार्चदेखि 2 अप्रैलसम्म चल्नेछ। सत्रको अवधि कुल 30 बैठकहरु हुनेछ।

**जम्मू कश्मीर विधान सभाको सत्र**

जम्मू कश्मीर विधान सभाको बजेट सत्र फेब्रुअरी २ मा जम्मूमा सुरु हुनेछ। यो विधानसभाको पाँचौं सत्र हुनेछ। सत्र उपराज्यपालको सम्बोधनबाट सुरु हुनेछ। यसपछि फेब्रुअरी ३ देखि ५ सम्म उपराज्यपालको सम्बोधनको धन्यवाद प्रस्तावमा तीन दिने छलफल हुनेछ, जुन छलफलको जवाफसँगै समाप्त हुनेछ। विधानसभा सत्रको मुख्य आकर्षण बजेटको प्रस्तुति हुनेछ। शुक्रबार, ६ फेब्रुअरीमा, सरकारले वर्ष २०२६-२७ को बजेट र वर्ष २०२५-२६ को पूरक खर्च विवरण प्रस्तुत गर्नेछ। त्यसपछि बजेटमा फेब्रुअरी ७, ९ र १० मा छलफल हुनेछ। सभाले ११ फेब्रुअरी देखि १३ सम्म अनुदानको मागमाथि विचार गर्नेछ र त्यसपछि १६ फेब्रुअरी देखि १९ सम्म गर्नेछ। विनियोजन विधेयकहरू २७ फेब्रुअरी , शुक्रबारमा छलफल हुने तालिका छ र त्यसपछि फेब्रुअरी २८ मा सरकारी कार्यसूची हुनेछ।

**मतदान - बीएसई र एनएसई**

महाराष्ट्रमा नगर निगम चुनावहरुको कारण बॉम्बे स्टॉक एक्सचेंज-**बीएसई** र नेशनल स्टॉक एक्सचेंज-**एनएसई** 15 जनवरीमा बंद रहनेछ। महाराष्ट्र सरकारले 29 नगर निगमहरुमा मतदानलाई सहज बनाउनका लागि 15 जनवरीमा हुनगईरहेको मतदानको दिन अवकाश घोषित गरेको छ।

**प्रोलय चाकीको हिरासतमै मृत्यु**

बंगलादेशका चर्चित गायक तथा अवामी लिगका नेता प्रोलय चाकीको हिरासतमै मृत्यु भएको छ। हिरासतमा रहँदा

उनलाई स्वास्थ्य सेवा नदिइएको परिवारका सदस्यले आरोप लगाएका छन् । सन् १९८० को दशकका चर्चित गायक प्रोलय चाकीले आफ्ना दाजु मोलोय चाकीसँग बङ्गलादेशी टेलिभिजनमा नियमित प्रस्तुति दिने गर्दथे । उनी पाबना जिल्ला आवामी लिगको सांस्कृतिक मामिला सचिव पनि रहेका थिए ।

**लोहड़ी**

**फसलहरुको पर्व लोहडी आज मनाइँदैछ । यो मुख्यतया पन्जाब, हरियाणा र हिमाचल प्रदेशमा मनाइने गरिन्छ । यो पर्व फसलहरुको पाक्ने आनन्दको प्रतीक हो । मानिसहरू साँझमा आगो बाल्ने गर्छन , परम्परागत गीतहरू गाउने गर्छन र परिवार र समाजसँग खुसीका क्षणहरू बाँड्ने गर्छन । यस पर्वले आपसी प्रेम र एकताको सन्देश पनि दिदछ ।**

**संशो.रात्रि.महिला प्रीमियर लीग**

महिला प्रीमियर लीग क्रिकेटमा नवी मुंबईमा रोयल च्यालेन्जर्स बैंग्लोरले युपी वारियर्सलाई नौ विकेटले पराजित गरेको छ । 144 रनको लक्ष्यलाई पछयाउदै रॉयल चैलेंजर्स बेंगलुरुले 12 ओवर र 1 बलमा एक विकेट गुमाएर 145 रन बनाएर जित हासिल गरे । यसभन्दा पहिले यूपी वॉरियर्सले निर्धारित 20 ओवरमा पांच विकेट गुमाएर 143 रन बनाएका थिए । रॉयल चैलेंजर्स बेंगलुरुले टॉस जीतेर पहिलो ब्यािटंग गर्ने निर्णय गरेका थिए । ग्रेस हैरिसलाई प्लेयर ऑफ द मैच घोषित गरियो ।

**राष्ट्रिय खेलकुद प्रशासन अधिनियम,**

केन्द्र सरकारले राष्ट्रिय खेलकुद प्रशासन अधिनियम, २०२५ अन्तर्गत राष्ट्रिय खेलकुद प्रशासन नियम, २०२६ लाई अधिसूचित गरेको छ। यी नियमहरूले उत्कृष्ट प्रतिभाका खेलाडीहरूको समावेश, कार्यकारी समितिको गठन, राष्ट्रिय खेलकुद निकायहरु र क्षेत्रीय खेलकुद संघहरुका सदस्यहरूको लागि अयोग्यताको मापदण्ड प्रदान गर्दछ।